# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, मंसीर १० गते २०४२ साल (संख्या ३२

## भाग ३

श्री ५ को सरकार

### पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले वर्गीय संगठन ऐन, २०३६ को दफा १८ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको आदेश जारी गरेको छ ।

(१) पञ्चायतका वर्गीय संगठनहरूको अञ्चल कार्य समिति, जिल्ला कार्य समिति र प्रारम्भिक कार्य समितिमा सभापति र उप-सभापति दुवै पद रिक्त रहन गएमा कार्य समितिका मौजूदा सदस्यहरूमध्ये वरिष्ठतम सदस्यले सभापतिले गर्नुपर्ने काम गर्ने ।

(२) नं. १ मा उल्लेख भएबमोजिम सभापति भै काम गर्न तोकिएको व्यक्ति सम्बन्धित गाउँ, नगर वा जिल्ला पञ्चायतको पदेन सदस्य हुने र निजको मताधिकार पनि रहने ।

आज्ञाले,

मुक्तिप्रसाद काफ्ले

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।